"कृषि पर्यटन र ब्यापार, सुरक्षित समृद्ध नगरको आधार"

# चैनपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चैनपुर , संखुवासभा
स्थापना: २०७३

कोशी प्रदेश,नेपाल

**सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८२/०१/०८

चैनपुर नगरपालिकाको लागि नगर प्रहरीको रुपमा देहायको संख्या र योग्यता भएको नगर प्रहरी कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| विज्ञापन नं. | पद, तह, सेवा | माग संख्या | उपलब्ध गराइने न्युनतम सेवा सुविधा/ सेवा प्रकृति/ कार्यक्षेत्र | दरखास्त दस्तुर |
|---|---|---|---|---|
| १२/०८१/८२ | नगर प्रहरी जवान, सहायकस्तर दोस्रो तह (नेपाल प्रहरीको जवान सरह) | पुरुष-२<br>महिला-१<br>जम्मा-३ | नगरपालिकाले करार सम्झौतामा तोके अनुसार तलब स्केल र अन्य सुविधा | रु.५००।-<br>अक्षरेपी पाँच सय मात्र। |

१. **दरखास्त दिने स्थानः**-चैनपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, चैनपुर, संखुवासभा।

२. **दरखास्त फारामः** चैनपुर नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

३. **दरखास्त दिने अन्तिम मितिः**- २०८२ साल बैशाख २२ गते २:०० बजे सम्म, सो दिन सार्वजनिक बिदा भएमा अर्को दिन २:०० बजे सम्म।

४. **दरखास्त दस्तुरः**- दरखास्त दस्तुर सूचना बमोजिम चैनपुर नगरपालिकाको राजस्व शाखामा दरखास्त दस्तुर जम्मा गरी भौचर आवेदन फाराम साथ पेश गर्नु पर्ने छ।

५. **आवश्यक योग्यताः-**

क. नेपाली नागरिक,

ख. मान्यता प्राप्त शैक्षिक संस्थाबाट SEE वा सो सरह उत्तीर्ण गरेको वा नेपाल सेना, जनपद वा सशस्त्र प्रहरी समान पदबाट सेवा निवृत्त भएको हकमा निजको साविक शैक्षिक योग्यतालाई मान्यता दिइनेछ,

ग. उमेरः १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, नेपाल सेना, जनपद वा सशस्त्र प्रहरीबाट अवकाश भएको वा अन्य देशको सेना, प्रहरीबाट अवकाश भएकाको हकमा उमेरको हद ४० वर्ष ननाघेको,

घ. कुनै नैतिक पतन देखिने तथा फौजदारी अभियोगमा सजाय नपाएको,

ङ. पुरुषको हकमा घटिमा उचाई ५ फिट २ इन्च, छाती ३१-३३, तौलः ५० के.जी. र महिलाको हकमा घटिमा उचाई ५ फिट र तौलः ४२ के.जी. भएको, आखा -२ वा +२ भन्दा बढी कमजोर नभएको,

चैनपुर नगरपालिकामा कामकाज गरी राजीनामा दिएको निवृत्ति भएको, उपदान लिएको वा कारवाहीमा परि सेवाबाट नहटाइएको कर्मचारी हुनु पर्ने ।

६. **दरखास्त फाराम साथ पेश गर्नुपर्ने कागजातहरुः** आवेदक स्वयंमले प्रमाणित गरेको देहाय बमोजिमका प्रतिलिपिहरुः नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, तोकिएको न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि, चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, नेपाल सेना, जनपद वा सशस्त्र प्रहरीबाट अवकाश भएको वा अन्य देशको सेना, प्रहरीबाट अवकाश भएकाको हकमा अवकाश पत्र वा सरह, सरकारी अस्पतालले दिएको निरोगिताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, सम्बन्धित इलाका प्रहरी कार्यालय वा प्रहरी चौकीबाट जारी भएको चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, पासपोर्ट साइजको फोटो-२ प्रति र भौगोलिक क्षेत्र नागरिकतामा नखुल्ने भए बसाईसराई वा विवाह दर्ताको प्रमाण पत्र ।

७. **छनौटको किसिमः-** प्रारम्भिक स्वास्थ्य तथा शारिरीक तन्दुरुस्त परीक्षण र अन्तवार्ता

क. **प्रारम्भिक स्वास्थ्य परीक्षणः** चैनपुर नगरपालिकाको नगर प्रहरी (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०८१ को अनूसुची -५ बमोजिम हुनेछ ।

ख. **शारिरीक तन्दुरुस्ती परीक्षणः** शारिरीक तन्दुरुस्ती परीक्षणमा ३०० मि.दौड, ३.२ कि.मी. (२ माईल) दौड, लङ जम्प, हाई जम्प, सिट अप, पुस अप र चिन अप/पुल अप Events रहने छन उक्त Event मा पास हुन तोकिएको न्यूनतम सीमा पार गर्नुपर्ने छ र एक इभेन्टस उत्तिर्ण गरिपछि मात्रै अर्को इभेन्टसमा सहभागी गराइनेछ। साथै शारिरीक तन्दुरुस्तीको अंकभार जोडिने छैन ।

ग. **अन्तर्वार्ताः** चैनपुर नगरपालिकाको नगर प्रहरी (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०८१ को परिच्छेद ४ को दफा १६(४) बमोजिम हुनेछ ।

८. **परीक्षाको मितिः** प्रारम्भिक स्वास्थ्य परीक्षण, शारिरीक तन्दुरुस्त परीक्षाको मिति पछि प्रकाशन गरिनेछ ।

९. विस्तृत जानकारीको लागि चैनपुर नगरपालिका कार्यालयको प्रशासन शाखामा सम्पर्क गरी जानकारी लिन सक्नुहुनेछ।

ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत